जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ५८ २०७९ साल असोज ८ गते शनिबार (24 Sep 2022 Saturday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : ब्याजदरमा भएको वृद्धिले... ३ पृष्ठमा : दुई शिक्षकका भरमा ... ३ पृष्ठमा :पाकिस्तानका बाढी प्रभावित ...

# म्यादी प्रहरी भर्नाका लागि सप्तरीमा ८ हजार ९ सय ६० जनाको आवेदन

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
आगामी मंसिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा सदस्य निर्वाचनका लागि म्यादी प्रहरीमा भर्नाका लागि सप्तरीमा ८ हजार ९ सय ६० जनाको आवेदन परेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार म्यादी प्रहरीमा भर्ना हुनका लागि तोकिएको अन्तिम दिन बिहीबार १ हजार ६ सय २३ महिला र ७ हजार ३ सय ३७ पुरुषले आवेदन दिएका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधमका अनुसार प्रदेशको ८ वटै जिल्लामा ११ हजार ८ सय २७ महिला र ५५ हजार ५७ पुरुष गरि ६६ हजार ८ सय ८४ जनाको आवेदन परेको छ ।

प्रदेश प्रहरीका अनुसार सिरहा जिल्लाबाट १ हजार २ सय ९९ महिला र ५ हजार ५ सय २० पुरुष गरि ६ हजार ८ सय १९, धनुषाबाट १ हजार १ सय २५ महिला र ६ हजार ७ सय ९ पुरुष गरि ७ हजार ८ सय ३४, महोत्तरीबाट १ हजार ३ सय ३३ महिला र ५ हजार ९ सय ३९ गरि ७ हजार ३ सय २, सर्लाहीबाट १ हजार ५ सय ७० महिला र ७ हजार ९३ पुरुष गरि ८ हजार ६ सय ६३ जना पुरुषले आवेदन परेको छ ।

यस्तै रौतहटबाट १ हजार १ सय ६३ महिला र ७ हजार ४ सय २० पुरुष गरि ८ हजार ५ सय ८३, बाराबाट २ हजार ४ सय ६६ महिला र ८ हजार ९ सय ३९ पुरुष गरि ११ हजार ४ सय ५ तथा पर्साबाट १ हजार २ सय ४८ महिला र ६ हजार ७० पुरुष गरि ७ हजार ३ सय १८ जनाले म्यादीका लागि आवेदन दिएको जनाइएको छ ।

सरकारले मंसिर ४ गतेको निर्वाचनका लागि एक लाख १५ हजार म्यादी प्रहरी भर्ना गर्नका लागि भदौ ३० देखी असोज ६ गतेसम्म आवेदन दिन समय तोकेको थियो ।

गृह मन्त्रालयले स्वीकृत गरेको म्यादी प्रहरीको 'भर्ना छनोट, नियुक्ति तथा परिचालनसम्बन्धी मापदण्ड-२०७९' अनुसार १८ वर्ष पूरा भई

***बाँकी अन्तिम पृष्ठमा***

# एउटै विद्यालयबाट प्रअ यादवले अस्थायी नियुक्ति, स्थायी नियुक्ति र अनिवार्य अवकास पाए



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ बेल्हीस्थित जनता प्राथमिक विद्यालय बेल्ही मल्हनियाका एक शिक्षक अस्थायी नियुक्ति, स्थायी नियुक्ति र अनिवार्य अवकास एउटै विद्यालयबाट पाएका छन् ।

उक्त विद्यालयका शिक्षक रामप्रसाद यादव जसले नियुक्ति भएपछि अन्य कुनै विद्यालयमा सरुवा हुनुपरेन । प्राथमिक तह प्रथम श्रेणीका शिक्षक यादव पछिल्लो २० बर्षदेखि प्रधानाध्यापकको रुपमा कार्य गरी गत बैशाख २१ गते अनिवार्य अवकास पाएका थिए ।

वि.सं. २०४२ सालमा जनता प्राथमिक विद्यालयमा अस्थायी नियुक्ति पाएका यादव २०४८ सालमा सोही विद्यालयमा स्थायी भएका थिए र अनिवार्य अवकास पनि सोही विद्यालयबाट भए ।

उनलाई शुक्रबार विद्यालयले एक कार्यक्रमबीच विदाई गरेको छ । आफ्नो विदाई समारोहमा बोल्दै पूर्व प्रधानाध्यापक यादवले शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विद्यालयका शिक्षक तथा अभिभावकलाई आग्रह गरे ।

सो अवसरमा विद्यालयका प्रधानाध्यापक राम साहले अवकास प्राप्त यादवलाई सर्ट, पाइन्टसहितको पोशाक तथा डायरी कलम प्रदान गर्नुभयो भने

***बाँकी तीन पृष्ठमा***

# सन् २०२५ मा मधेश प्रदेशमा पर्यटन वर्ष मनाउने

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
नेपाल एशोसिएशन अफ टुर्स एण्ड ट्राभल्स एजेन्ट (नाटा) मधेश प्रदेश समितिले शुक्रबार राजविराजमा सन् २०२५ मा मधेश प्रदेशमा पर्यटन वर्ष मनाउनका लागि पर्यटन स्थलहरुको सम्बर्द्धन र विकासका लागि सबै पक्ष एकजुट भएर लाग्नु पर्ने बताएको छ ।

नाटाका प्रदेश अध्यक्ष मोहन शर्मा लामिछानेले "घुमौं मधेश, बुझौं प्रदेश" मूल नाराका साथ मधेश प्रदेशमा सन् २०२५ लाई पर्यटन वर्षको रुपमा मनाउन सबैको सहयोग आवश्यक रहेको बताए । उनले नाटा गठन भएको तीन वर्ष बितिसक्दा पनि प्रदेश सरकारले पर्यटनको नाममा एउटा होडिङ बोर्ड समेत लगाउन नसकेको आरोप लगाउँदै मधेश प्रदेशमा रहेका पर्यटन स्थल तथा त्यसको गनतव्य बारे समेत कुनै जानकारीबारे कार्य गर्न सकेको बताए ।

मधेशका आठ वटै जिल्लाका पाँच/पाँच वटा पर्यटक




स्थलहरुलाई सम्वर्द्ध, संरक्षण र विकासका लागि नाटाले पहल सूरु गरेको जानकारी दिँदै पर्यटन वर्ष २०२५ मा तीनै स्थलहरुलाई प्राथमिकतामा राखेको बताए ।

नाटा प्रदेश अध्यक्ष लामिछानेको अध्यक्षता तथा उद्योग

***बाँकी दुई पृष्ठमा***

## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

## जगदम्बा मेडिकल इन्स्टिच्यूट

**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**

**फोन नं. ०३१-५२१४७८**

**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# सरकारीकरण हुने जग्गामा नक्कली हकवाला

काठमाडौँ, ७ असोज (रासस) ।
नेपाली समाजमा एउटा लोकोक्ति प्रसिद्ध छ, लोभले लाभ, लाभले विलाप । यस्तै भएको बर्दियामा । सरकारीकरण हुने जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी भ्रष्टाचार गरेको अभियोगमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आज भूमिसुधार तथा मालपोत कार्यालय बर्दियाका तत्कालीन कार्यालय प्रमुख भीमबहादुर खत्री र नायब सुब्बा रुद्रसेन साहु विरुद्ध मुद्दा दायर गरेको छ ।

आयोगले उनीहरु विरुद्ध रु ५४ लाख ८० हजार सात सय ५९ बराबरको बिगो दावी गर्दै आज विशेष अदालतमा मुद्दा दायर गरेको प्रवक्ता श्यामप्रसाद भण्डारीले जानकारी दिनुभयो ।

बर्दिया जिल्लाको साविक मैनापोखर गाविस-१ मा (हाल बढैयाताल गाँउपालिका-६)मा चिरकु तेलीको नाममा २०४३ साल अघि दुई विगाहा छ कट्ठा जग्गा रहेको थियो । २०४३ सालमा उहाँको मृत्यु भएपछि हकखाने कोही नभएपछि सो जग्गा स्थानीय तहको नाममा जानुपर्ने थियो । तर, भूमिसुधार तथा मालपोत कार्यालयको निर्णयबाट सो जग्गा व्यक्ति विशेषको नाममा दर्ता गरी विक्रीसमेत गरेको पाइएको छ ।

मालपोत कार्यालय बर्दियाका तत्काललनि प्रमुख भीमबहादुर खत्री र नासु रुद्रसेन साहुले २०७७ चैत ३ मा जैनव तेलीको नाममा अस्थायी जग्गाधनी कायम गरी सैजाद तेलीको नाममा हक हस्तान्तरण गरेको अनुसन्धानबाट खुलेको छ । आयोगले हक हस्तान्तरण गरेको जग्गाको न्यूनतम मूल्याङ्कन रकम रु ५४ लाख ८० हजार सात सय ५९ बराबरको बिगो दावी गरेको छ ।

नक्कली हकवालाका रुपमा रहेका बढैयाताल गाँउपालिका-६ का सैजाद तेली र जैनव तेली विरुद्ध पनि समान बिगो दावी गरिएको छ । बढैयाताल-६ का वडा अध्यक्ष रामहरण थारु विरुद्ध पनि मुख्य अभियुक्तलाई हुने सजायको आधा सजायको मागदावी गरिएको छ ।

---

*सन्...*

बाणिज्य संघ मधेश प्रदेशका वरिष्ठ उपाध्यक्ष अरुण प्रधानको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रियामा नाटाका वरिष्ठ उपाध्यक्ष बिनोद कुमार चौधरी, उपाध्यक्ष हैदर अलि, महासचिव सुदर्शन काफ्ले, होटल तथा पर्यटन व्यवसायी संघ सप्तरीका अध्यक्ष शैलेश चौधरी, उपाध्यक्ष सम्पत कोइराला, उद्योग बाणिज्य संघ सप्तरीका उपाध्यक्ष, महासचिव अमृत संचेती, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव लगायतका वक्ताहरुले पर्यटन व्यवसायीको उत्थानका लागि सम्भावित पर्यटकीय स्थलको उचित सम्वर्द्धन गर्न सबै एकजुट भएर लाग्नु पर्ने धारणा राखेका थिए ।

# ब्याजदरमा भएको वृद्धिले उत्पादनमूलक उद्योग प्रभावित पार्छ : अर्थमन्त्री

काठमाडौँ, ७ असोज (रासस) ।
अर्थमन्त्री जनार्दन शर्माले बैंक तथा वित्तीय संस्थामा पैसा राखेर ब्याज लिने संस्कारका कारण देशभित्र उत्पादनमूलक उद्योग स्थापनामा समस्या देखिएको बताउनुभएको छ ।

शुक्रबारदेखि यहाँ शुरु भएको नाडा इभी अटो प्रदर्शनीको उद्घाटन कार्यक्रममा उहाँले पछिल्ला दिनमा बैंक तथा वित्तीय संस्थाले वृद्धि गरेको ब्याजदरका कारण उत्पादनमूलक उद्योगको विकास र विस्तारमा समस्या देखा परेको बताउनुभयो । उहाँले भन्नुभयो, "जुन देशमा बैंकमा पैसा राखेर १४ प्रतिशत वा १५ प्रतिशत आम्दानी लिन पाइन्छ, त्यो देशमा उत्पादन सम्भव होला ? पक्कै पनि हुँदैन । यहाँ समस्या छ । यो समस्या हल गर्नुपर्छ ।"

उहाँले बिना लगानी सहजै रूपमा ब्याज आउँछ भने किन उत्पादनमा लगाउने ? भन्ने प्रवृत्तिको विकास हुन जाने भएकाले त्यसको निराकरणका लागि मन्त्रालयले पहल गरिरहेको उल्लेख गर्नुभयो । उहाँले पछिल्ला दिनमा देखिएको यस्ता समस्याको निरुपणका लागि गम्भीर किसिमको निष्कर्ष निकालिने र केही न केही हल आवश्यक रहेको स्पष्ट पार्नुभयो । उहाँले उत्पादन क्षेत्रका लागि विशेष प्राथमिकता दिनुपर्ने र सबैले जिम्मेवारी लिने हो भने यस्ता समस्याहरु हल हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले अर्थतन्त्र बलियो बनाउनका सबै तह र तप्काका बीचमा साझा सहकार्यको जरुरी रहेको र निर्यात बढाउँदै आयात प्रतिस्थापन गर्ने सन्दर्भ नै उत्तम विकल्प भएको धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "हामी सबै लागौँ । निजी क्षेत्रलाई काम गर्न थप सहज पार्ने हो । जुनसुकै अवस्थामा पनि हामी नेपाली आफैँ आफ्नो उत्पादनमा बाँच्न सक्ने हुनुपर्छ ।" उहाँले विद्युतीय सवारी साधन सँगसँगै हाइड्रोजनबाट चल्ने सवारी साधनका बारेमा पनि सोच्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "धेरैको ध्यान अहिले त्यसतर्फ गइरहेको पनि छ । तर, यसलाई व्यावसायिकरूपले कसरी उत्पादन गर्ने भनेर सोच्न आग्रह गर्छु ।"

उहाँले अबको समय भनेको ग्रिन हाइड्रोजनको भएकाले हामीले पनि त्यतातिर जानुपर्ने बताउनुभयो । अर्थमन्त्री शर्माले जुनसुकै चुनौती आए पनि हामी आफैँ बाच्न सक्छौँ र थेग्न सक्छौँ भन्ने स्तरमा मुलुकलाई पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । उहाँले हाल बढी भएको बिजुली निर्यात भइरहेको सन्दर्भ जोड्दै त्यसलाई उत्पादनमा लगाउनुपर्ने उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले विद्युत् निर्यात गर्ने नभएर विद्यत्बाट उत्पादित वस्तुहरुको निर्यात गर्ने हो । अब विद्युत्बाट उत्पादित हाइड्रोजनको निर्यात गर्ने हो ।"

# आयोगबाट रकमान्तरको विवरण माग

काठमाडौँ, ७ असोज (रासस) ।
निर्वाचन आयोगले निर्वाचनको मिति घोषणा भएपछि चालु आर्थिक वर्षको स्वीकृत वार्षिक बजेट बाहिरबाट रकमान्तर गरिएको विवरण अर्थमन्त्रालयसँग माग गरेको छ ।

आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत वार्षिक बजेटभन्दा पृथक हुनेगरी अर्थ मन्त्रालयबाट कुनकुन मन्त्रालय र निकायका योजना तथा कार्यक्रममा रकमान्तर निकासा र स्रोत सुनिश्चितता गरिएका विषयमा विवरण माग गरेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

आयोगले उक्त विषयमा २४ घन्टाभित्र अर्थ सचिवबाट विवरण पेस गर्न निर्देशन दिएको उहाँले जानकारी दिनुभयो । सरकारले गत साउन १९ गते आगामी मङ्सिर ४ गते देशभर एकै चरणमा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन गर्ने घोषणा गरेको थियो ।

सङ्घीय संसद्बाट आर्थिक वर्ष २०७९/८० का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमभन्दा पृथक तरिकाबाट नयाँ योजना तथा कार्यक्रम सञ्चालन हुँदा निर्वाचनको निष्पक्षता, स्वतन्त्रता र स्वच्छतामा प्रतिकूल असर पर्ने आयोगले जनाएको छ ।

# नागरिकता विधेयक सम्बन्धी रिटको सुनुवाइ आइतबार

काठमाडौँ, ७ असोज (रासस) ।
सर्वोच्च अदालतमा 'नेपाल नागरिकता ऐन २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९' को प्रमाणीकरण सम्बन्धमा परेको रिटको पेसी पर्सि आइतबारलाई सरेको छ ।

सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले शुक्रबारलाई तोकिएको पेसी समय अभावका कारणले हेर्न नभ्याइएपछि आइतबारलाई सारिएको जानकारी दिनुभयो । "शुक्रबार धेरै मुद्दा भएको हुनाले रिटको सुनुवाइ हुन सकेन", उहाँले भन्नुभयो, "अब पर्सि (आइतबार) रिटमाथिको सुनुवाइ हुनेछ ।"

रिटको पेसी शुक्रबार न्यायधीश डा मनोजकुमार शर्माको एकल इजलासमा परेको थियो । राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयकलाई प्रमाणीकरण नगरेपछि राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाई प्रमाणीकरणको माग गर्दै रिट दायर गरिएको हो ।

प्रवक्ता पौडेलका अनुसार नागरिकता विधेयक प्रमाणीकरणका लागि पाँच वटा रिट परेका छन् । रिटमा सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)ले दोस्रो पटक पारित गरेको नागरिकता विधेयकलाई राष्ट्रपतिले १५ दिनभित्र प्रमाणीकरण गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि नगरेर संविधानको उल्लङ्घन भएको जनाइएको छ ।

संविधानको धारा ११३ को उपधारा (४) मा राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनःविचार गरी त्यस्तो विधेयक प्रस्तुतरूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्ने व्यवस्था छ ।

# राष्ट्रपतिद्वारा संविधानको पालना नभएको आरोप

काठमाडौँ, ७ असोज (रासस) ।
सङ्घीय संसद्का दुवै सदनबाट पारित भएको विधेयकलाई संविधान अनुरुप प्रमाणीकरण गर्नुपर्ने दायित्वबाट राष्ट्रपति विद्यादेवी भण्डारी विमुख भएकोप्रति मानव अधिकार तथा शान्ति समाजले आरोप लगाएको छ ।

संसद्बाट पारित विधेयकमा राष्ट्रपतिको असहमति भए पुनःविचारका लागि संसद्मा फिर्ता पठाउन सक्ने संवैधानिक अधिकार प्रयोग गरिसकेपछि संसद्का दुवै सदनबाट पुन : पारित भइसकेको अवस्थामा प्रमाणीकरण नगर्नु संविधानअनुसार नभएको समाजका सभापति गोविन्द खनालले शुक्रबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रपति भण्डारीको कामका सम्बन्धमा संवैधानिक मर्यादाको सीमाभित्र रहेर न्यायिक हल खोज्न पनि शान्ति समाजले सरकार र जिम्मेवार राजनीतिक दललाई आग्रह गरेको छ ।

# थप ७६ मा कोरोना संक्रमण पुष्टि

काठमाडौँ, ७ असोज (रासस) ।
देशभर पछिल्लो २४ घण्टामा थप ७६ जनामा कोभिड संक्रमण पुष्टि भएको छ भने एक जनाको संक्रमणका कारण मृत्यु भएको छ ।

सो अवधिमा चार हजार ६९ जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार आठ सय ३० जनाले पिसिआर र दुई हजार दुई सय ३९ जनाको एन्टिजीन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

शुक्रबार ८७ जना कोरोना संक्रमणमुक्त भएका छन् । यससँगै संक्रमण मुक्त हुनेको संख्या नौ लाख ८६ हजार एक सय १९ पुगेको छ । संक्रमण मुक्त हुने दर ९८ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय संक्रमितको संख्या एक हजार तीन सय ७१ रहेको छ । हालसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १६ पुगेको छ । होम आइसोलेशनमा एक हजार तीन सय २२, संस्थागत आइसोलेसन ४९ र आइसियूमा १० जना संक्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय संक्रमित भएका जिल्ला काठमाडौँ रहेको छ । सून्य संक्रमित रहेका जिल्लामा ताप्लेजुङ, तेह्रथुम, रामेछाप, मनाङ, मुस्ताङ, म्याग्दी, बाग्लुङ, हुम्ला, डोल्पा, कालिकोट, रुकुम पश्चिम, जाजरकोट, दैलेख र दार्चुला रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा ५३८, ललितपुर एक सय ९१ र भक्तपुरमा २४ सक्रिय सङक्रमित रहेका छन् । कुलमा संक्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# दुई शिक्षकका भरमा आठ वटा कक्षा

**जीतेन्द्रकुमार झा**

हनुमाननगर, ७ असोज (रासस) ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-१ तिलाठीस्थित राष्ट्रिय प्राथमिक विद्यालयमा कक्षा ५ सम्मको पठनपाठन हुन्छ । विसं २०१६ मै स्थापना भएको यो विद्यालय जिल्लाकै पुरानो विद्यालयमध्ये एक हो । विद्यालय तथ्याङ्कअनुसार हाल यहाँ दुई सय २५ विद्यार्थी अध्ययनरत छन् । पाँच कक्षासम्म सञ्चालित यस विद्यालयमा शिक्षक भने दुई जना छन् ।

"दुई जना शिक्षकले पाँच वटा कक्षाको पठनपाठन कहाँ सम्भव हुन्छ र ?", विद्यालयका प्रधानाध्यापक प्रविण कर्ण भन्नुहुन्छ, "पठनपाठनको औपचारिकता मात्रै निर्वाह गरिरहेको छु ।" विद्यालयको पठनपाठन सँगसँगै प्रधानाध्यापकका रुपमा अन्य जिम्मेवारीसमेत बहन गर्नैपर्ने बाध्यता उत्तिकै रहेको उहाँको भनाइ छ । केही महिनाअघिसम्म विद्यालयमा चार जना शिक्षक थिए । दुई जना लगातार अवकाश पाएर गए । अब सम्पूर्ण विद्यालयको जिम्मेवारी प्रधानाध्यापक कर्ण र अर्का शिक्षक अमनकुमार मिश्र माथि छ ।

शिक्षकको अभावमा एउटै कोठामा दुई/दुई वटा कक्षालाई राखेर पढाउँदा पनि एउटा कक्षामा शिक्षक अपुग नै हुन्छ । प्रायःजसो कार्यालय सहयोगीलाई समेत खटाउनुपर्ने बाध्यता रहने गरेको प्रधानाध्यापक कर्ण बताउनुहुन्छ । वडा नं १ मै रहेको जनता राष्ट्रिय प्राथमिक विद्यालय बेल्ही मल्हनियाँमा हाल तीन सय ९२ बालबालिका अध्ययनरत रहेको विद्यालय तथ्याङ्कले देखाउँछ । कक्षा ६ सम्मको पठनपाठन हुने यस विद्यालयमा शिक्षक भने तीन जना मात्रै छन् । शिक्षकको अभावमा एउटै कोठामा तीन/तीन वटा कक्षा राखेर पठनपाठन गराउनुपर्ने बाध्यता रहेको प्रधानाध्यापक राम साह बताउनुहुन्छ ।

तिलाठी कोइलाडी गाउँपालिकाकै वडा नं ५ मा रहेको राजाजी आधारभूत विद्यालयको अवस्था झन् बिजोग छ । कक्षा ८ सम्म पठनपाठन हुने यस विद्यालयमा हाल ३ सय ६१ बालबालिका अध्ययनरत छन् । शिक्षक भने दुई जना मात्रै छन् । दुई शिक्षकमध्ये प्रधानाध्यापकलाई अधिकांश समय अफिसको काम तथा बैठक गोष्ठीमै जानुपर्ने बाध्यता हुन्छ । चालु शैक्षिकसत्रको चौथो महिना चलिरहँदासमेत यहाँका विद्यार्थीले पाठ्यक्रमअनुरुप सबै विषय पढ्न पाएका छैनन् । शिक्षकको अभावमा एउटै कोठामा विद्यार्थीलाई राखेर पठनपाठनको औपचारिकता निर्वाह गर्नुपर्ने बाध्यता रहेको प्रधानाध्यापक देवनारायण पण्डित बताउनुहुन्छ ।

विसं २०३६ मै स्थापित यस विद्यालयले पछिल्लो लामो समयदेखि यसरी नै शिक्षकको अभाव झेल्दै आएको छ । दुई वर्षअघिसम्म यहाँ चार जना शिक्षक कार्यरत थिए । दुई जना शिक्षकले अवकाश पाएको पनि दुई वर्ष भयो तर रिक्त रहेका ती पद अझै पूर्ति गर्न सकिएको छैन ।

सोही वडामा रहेको कृष्णकुमारी देवी आधारभूत विद्यालयमा कक्षा ६ सम्मको पठनपाठनका लागि मात्र चार शिक्षक छन् । वडा नं ५ कै राष्ट्रिय प्राथमिक विद्यालय कोबर्साइन र राष्ट्रिय प्राथमिक विद्यालय कुसहा कोबर्साइनमा पाँच/पाँच वटा कक्षा सञ्चालन भने दुई/दुई जना शिक्षकका भरमा भइरहेको छ । साविको छ वटा गाविसलई समाहित गरेर बनाइएको तिलाठी कोइलाडी गाउँपालिकाको आठ वडामा १३ आधारभूत विद्यालय सञ्चालित रहेकामा १३ वटै विद्यालयमा शिक्षकको अभाव रहेको छ । दरबन्दीअनुसार त परै जाओस् कम्तीमा एउटा कक्षा बराबर एक शिक्षकको न्यूनतम आवश्यकता पनि पूरा गर्न सकिएको छैन । शिक्षक अभावबारे आफूहरु पछिल्लो लामो समयदेखि गाउँपालिकालाई ताकेता गरिराखेको भए पनि हालसम्म पालिकालगायतका सरोकारवाला निकायबाट ठोस पहल हुन नसकेको स्थानीय प्रधानाध्यापकको सामूहिक गुनासो छ ।

गाउँपालिका भएदेखि नै यहाँका विद्यालयमा शिक्षकको अभावै रहेको गाउँपालिकाका शिक्षा शाखा प्रमुख राजेश झा बताउनुहुन्छ । "सुरुदेखि नै शिक्षकको अभावै रहेको छ, पछिल्लो समय शिक्षकको अनिवार्य अवकाशपश्चात् झन् अवस्था जटिल भएको हो", झाले भन्नुभयो, "हामी पहल गरिराखेका छौँ, स्वयंसेवक शिक्षक भर्ना गरेर भए पनि समस्या समाधानतर्फ हामी अघि बढ्ने योजनामा छौँ ।"

निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीले शिक्षा क्षेत्रलाई वास्तै नगरेका कारण यस्तो अवस्था आएको स्थानीय अभिभावक सुशील यादवको आरोप छ । "यस पालिकाअन्तर्गतका विद्यालय पछिल्लो तीन वर्षदेखि व्यवस्थापन समितिविहीन रहेको छ", यादवले भन्नुभयो, "पुराना जनप्रतिनिधि त जे गर्नु थियो गरेर गए, आएका नयाँ जनप्रतिनिधिको रवैया पनि उस्तै देख्छु ।" शिक्षा शाखा प्रमुख झाका अनुसार यसअघिका जनप्रतिनिधिको संलग्नतामा त्यतिबेलै बनाइएको कार्यविधिको विवादका कारण यहाँका विद्यालयमा व्यवस्थापन समिति गठन हुन नसकेको हो ।

कार्यविधिमा विद्यालय व्यवस्थापन समिति छनोट प्रक्रिया निकै विवादित रहेको थियो । कार्यविधिअनुसार विद्यालय व्यवस्थापन समितिका चार सदस्यमध्ये दुई वडाध्यक्षले र दुई गाउँपालिका अध्यक्षले मनोनीत गर्ने प्रावधान थियो । उक्त प्रावधानलाई कुनै पनि विद्यालयका अभिभावकले स्वीकार गर्न नमानेपछि विद्यालय व्यवस्थापन समिति छनोट कार्य पछिल्लो तीन वर्षदेखि ठप्प रहेको हो । विद्यालय व्यवस्थापन समिति नहुँदा बाहिरबाट शिक्षक सरुवा गरेर ल्याउन तथा नयाँ शिक्षक नियुक्त गर्नसमेत कठिनाइ भइरहेका कारण प्रायजसो विद्यालयमा शिक्षकको अभाव भएको हो । वर्षौंदेखिको समस्यालाई एकैछिनमा समाधान गर्न सकिने अवस्था नरहेको गाउँपालिकाकी उपाध्यक्ष फूलकुमारी साह बताउनुहुन्छ ।

शिक्षा तथा स्वास्थ्य क्षेत्रमा देखिएको वेथितिकै आधारमा आफूहरुले जनतासँग मत मागेको साह भन्नुहुन्छ, "हाम्रो प्राथमिकता नै शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल सुधार गर्नुपर्ने हो, थोरै समय लाग्ला तर त्यसलाई सुधार गर्छौं ।"

# सुरक्षा निकायका प्रमुखबीच निर्वाचन सुरक्षा विषयमा छलफल

काठमाडौँ, ७ असोज (रासस) ।

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन-२०७९ का सम्बन्धमा सैनिक मुख्यालय जङ्गी अड्डामा मुलुकका चारवटै सुरक्षा निकायका प्रमुखबीच छलफल भएको छ ।

उहाँहरुबीच समसामयिक समग्र सुरक्षा अवस्थाको समीक्षा गर्दै विशेषतः आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनलाई शान्तिपूर्ण ढङ्गले सफलतापूर्वक सम्पन्न गर्न आवश्यक सुरक्षा व्यवस्थाका बारेमा छलफल र अन्तर्क्रिया भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । छलफलमा प्रधानसेनापति प्रभुराम शर्मा, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह, सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक हुतराज थापा सहभागी हुनुहुन्थ्यो ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं भयरहित वातावरणमा सम्पन्न गर्न नेपाल सरकारबाट सुरक्षा निकायलाई प्राप्त जिम्मेवारी केन्द्रीय, प्रादेशिक र स्थानीय तहमा आपसी समन्वय र सहकार्यका साथ प्रभावकारीरुपमा कार्यान्वयन गर्नेलगायतका विषयमा छलफल भएको थियो ।

***एउटै विद्यालयबाट ...***

वडा अध्यक्ष दिनेश्वर मिश्रले दोसल्ला ओढाई सम्मान गरे ।

तिलाठी कोइलाडी गाउँपालिका वडा नं.१ का वडा अध्यक्ष दिनेश्वर मिश्रको अध्यक्षतामा आयोजित विदाई समारोहमा गाउँपालिकाका शिक्षा संयोजक राजेशकुमार झा, प्रधानाध्यापकद्वय प्रभाष झा र रामप्रसाद यादव, विद्यालय ब्यवस्थापन समितिका पूर्व अध्यक्ष सुशील यादव, विद्यालयका शिक्षक खगेन्द्र कर्ण, स्थानीय बच्चा हुसेनसहितकाले मन्तब्य ब्यक्त गरे ।




डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


# विश्व समाचार

## पाकिस्तानका बाढी प्रभावित क्षेत्रमा डेङ्गुको प्रकोप

इस्लामावाद, ७ असोज (रासस/सिन्ह्वा) ।

बाढीबाट क्षति पुगेको पाकिस्तानमा डेङ्गुको प्रकोप थप बढेको यहाँका अधिकारीहरुले जनाएका छन् । पाकिस्तानका अधिकारीहरुले यहाँका बाढी प्रभावित क्षेत्रहरुमा डेङ्गुको प्रकोप बढेको र यसबाट मृत्यु हुनेहरुको सङ्ख्या पनि प्रतिदिन बढ्दै गएको जनाएका छन् पाकिस्तानको सिन्ध प्रान्त डेङ्गुबाट बढी प्रभावित देखिएको छ । पछिल्लो समयमा यस वर्षको मनसुनबाट क्षति भएको सो प्रान्तमा डेङ्गुको ज्वरो बढेको र धेरै मानिस अस्पताल भर्ना भएका बताइएको छ । यस प्रान्तमा मात्र डेङ्गुको प्रकोपबाट कम्तीमा पनि ३० जनाको ज्यान गएको सिन्ध प्रान्तको प्रान्तीय स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् । ती अधिकारीका अनुसार यहाँ डेङ्गुबाट गएको २४ घन्टा यतामात्र यहाँका चार सय दुइ जनालाई डेङ्गु लागेको छ । यसपछिको प्रभावित क्षेत्र कराँची हो । कराँचीमा मात्र गएको २४ घन्टामा दुई सय ७९ जनामा यसको सङ्क्रमण देखिएको छ । सिन्ध र कराँची यस वर्षको मनसुनी वर्षाबाट सबैभन्दा बढी प्रभावित भएका प्रान्त हुन् । बाढीका कारण बढेको फोहर र अन्य कारणहरुले गर्दा यहाँ डेङ्गुको ज्वरोको प्रकोप बढेको बताइएको छ । सेप्टेम्बर महिनामा मात्र सिन्धमा चार हजार तीन सय भन्दा बढीमा डेङ्गुको सङ्क्रमण भएको थियो । यहाँ अहिलेसमम छ हजारजना भन्दा बढीमा यो प्रकोप देखिएको सिन्ध प्रान्तको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् । पाकिस्तानमा यस वर्षको मनसुनबाट प्रभावित अर्को प्रान्त खैबर पाक्थुन्क्वा हो र यहाँ पनि डेंगुको प्रकोप बढ्दो देखिएको छ । यहाँ पनि यसवर्ष मात्र कम्तीमा पाँच हजार जनामा यो सङ्क्रमण देखिएको खैबरको स्वास्थ्य विभागका प्रमुखले जानकारी दिएका छन् ।

## आप्रवासी डुङ्गा दुर्घटनाः त्रिपन्न जनाको मृत्यु

बेरुत, ७ असोज (रासस/एएफपी) ।

सिरियाको तटमा डुङ्गा डुब्दा ५३ जना आप्रवासीको मृत्यु भएको छ । करिब २० जनालाई उद्धार गरिएको लेबनानका यातायात मन्त्रीले जानकारी दिनुभएको छ । सिरियाली सहर टार्टसको तटीय क्षेत्रमा बिहीबार भूमध्यसागरमा डुबेको सानो डुङ्गामा १०० भन्दा बढी व्यक्ति सवार रहेका थिए । सवार यात्रुहरु अधिकांश लेबनानी र सिरियालीहरु रहेका थिए । दर्जनौं अझै बेपत्ता रहेका बताइएको छ । सिरियन अब्जरभेटरी फर ह्युमन राइट्सले लिएको जानकारीअनुसार सिरियाबाट करिब एक सय २० देखि एक सय ५० जना जति आप्रबासी लिएर सो डुङ्गा साइप्रसका लागि हिँडेको बताएको छ । डुङ्गामा क्षमता भन्दा धेरै मानिसहरु चढेका कारण डुबेको हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ । तर उक्त डुङ्गा कहाँ जान लागेको हो भन्ने बारेमा थाहा नभएको उद्धार गरिएका व्यक्तिहरुले जनाएका छन् । सो डुङ्गामा लेबनान, सिरिया र अरु अज्ञात नागरिकहरु पनि रहेका बताइएको छ । त्यस डुङ्गामा परेर हराइरहेकाहरुको खोजी कार्य जारी रहेको छ । खोजीका लागि हेलिकोप्टर र यहाँका स्थानीय मछुवाहरुलाई प्रयोग गरिएको पनि समाचारमा जनाइएको छ ।

## लाओसमा पच्चीस हजारभन्दा बढी डेङ्गु सङ्क्रमित

भेन्टियान, ७ असोज (रासस/सिन्ह्वा) ।

लाओसमा गत पुषदेखि देशभर डेङ्गु ज्वरोका कुल २५ हजार पाँच सय ४६ जना सङ्क्रमित भएका छन् । वितेका २४ घण्टामा डेङ्गु ज्वरोका एक सय ६२ थप व्यक्तिहरुको सङ्क्रमित भएका स्वास्थ्य मन्त्रालयले जनाएको छ । यस समयावधीमा १८ जनाको मृत्यु भएको लाओस स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्यको लागि सूचना र शिक्षा केन्द्रले शुक्रबार जनाएको छ । लाओसको राजधानी भेन्टियानमा १२ हजार ८ सय ९० जना डेङ्गुका बिरामी भेटिएका छन् । लुआङ नम्था प्रान्तमा तीन हजार छ सय १४ र अटापेउ प्रान्तमा एक हजार ४ सय ५४ जनामा डेङ्गुका बिरामी फेला परेका छन् ।

## कोरियामा एक दिनमा थप २९ हजार सङ्क्रमित

सोल, ७ असोज (रासस/सिन्ह्वा) ।

दक्षिण कोरियामा कोरोना भाइरसबाट शुक्रबार थप २९ हजार सङ्क्रमित भएका छन् । योसँगै कोरियामा अहिलेसम्म कुल सङ्क्रमितहरुको सङ्ख्या दुई करोड ४५ लाख ६५ हजार २१ पुगेको अधिकारीहरुले जनाएका छन । पछिल्लो समय दक्षिण कोरियामा दैनिक सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएको देखिएको कोरिया रोग नियन्त्रण तथा न्युनिकरण निकायले जनाएको छ । अघिल्लो दिन ३३ हजार नौ जना सङ्क्रमित भएको विवरण सार्वजनिक गरिएको थियो । दैनिक नयाँ सङ्क्रमितहरुको सङ्ख्या घट्दै गएपछि सक्रिय सङ्क्रमितहरुको सङ्ख्या पनि घट्दै गइरहेको अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुका अनुसार अहिले सङ्क्रमित अवस्थामै रहेकाहरु मध्ये तीन सय ९९ जना गम्भीर अवस्थामा रहेका छन् । यो सङ्ख्या पनि अघिल्लो दिनको तुलनामा २९ जनाले कम हो । पछिल्लो एक दिनमा ६८ जनाको मृत्यु भएको छ । योसँगै अहिलेसम्म दक्षिण कोरियामा कोरोना भाइरसबाट मृत्यु भएकाको कूल सङ्ख्या २८ हजार ७७ पुगेको छ ।

# दुई दिने कार्याशाला गोष्ठी सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
सप्तरीको विष्णुपुर गाउँपालिकामा अधिकारमा आधारित विकास पद्धति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र सार्वजनिक जवाफदेहिता सामाजिक समावेशीकरण सम्बन्धी दुई दिने कार्याशाला गोष्ठी शुक्रबार सम्पन्न भएको छ ।

युरोपियन युनियनको आर्थिक सहयोग, वेल्टहङ्गहिल्फेको प्राविधिक सहयोग एवम आसमान नेपालको अगुवाई दलित सरोकार मञ्चको आयोजनामा सञ्चालित नागरिक सक्रियता परियोजना अर्न्तगत सो कार्याशाला सम्पन्न भएको हो ।

विष्णुपुर गाउँपालिकाको तथ्याङ्क अनुसार प्राथमिकताको क्षेत्रहरु निर्धारण गर्ने, अधिकारमा आधारित विकास पद्धति मान्यता अनुसार कार्य गर्ने वस्ति स्तरीय योजना तर्जुमा गर्ने, राहतमुखी कार्यक्रम भन्दा आर्थिक र सामाजिक सशक्तिकरण हुने कार्यक्रम तर्जुमा गर्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र गुनासो व्यवस्थापन सम्बन्धी कार्यविधि पास गरी पालिकाको स्थानीय राजपत्रमा प्रकाशित गर्ने कार्ययोजना समेत निमार्ण गरिएको विष्णुपुर गाउँपालिका अध्यक्ष उमेश प्रसाद यादवले जानकारी दिए ।

सो कार्याशालामा विष्णुपुर गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, ७ वटै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु र कर्मचारीसमेतको सहभागिता रहेको थियौं । उक्त कार्यशाला गोष्ठीमा प्रमुख प्रशिक्षक गोविन्द अधिकारी र जिल्ला संयोजक राजकुमार पासवाले सहजीकरण गरेका थिए ।

# विद्यालयलाई शैक्षिक सामाग्री हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
४३ औं सामाजिक सेवा दिवसको अवसरमा सवल नेपालले जनहित पवल लाल आधारभुत विद्यालय बनरझुलालाई फरक क्षमता भएका बिधार्थीहरूको लागि शैक्षिक सामग्री हस्तान्तरण गरेको छ ।

सप्तरीको खडक नगरपालिक वडा नम्बर ३ स्थित सो बिद्यालयमा सेभ द चिल्ड्रेनको आर्थिक सहयोगमा सबल नेपालद्धारा फरक क्षमता भएका विद्यार्थीहरुका लागि श्रोत विद्यालय सवलीकरण गर्न शैक्षिक, खेलकुद, पोषाक, मर्मत सम्भार, रंगरोघन, स्वास्थ्य तथा सरसफाईसहित छात्रावास व्यवस्थापनका लागि सामाग्री हस्तान्तरण गरिएको हो ।

उक्त बिधालयको बालवालिकाहरूको शिक्षा र स्वास्थ, खेलकुद, कक्षाकोठाको मर्मत सम्भार तथा कक्षाकोठाको भौतिक पुर्वाधार सुधारको साथै बिधालयको रंगरोघनका लागी ७ लाख बराबरको सहयोग गरेको सबल नेपालका समुन्नती कार्यक्रम संयोजक रोशन मण्डलले जानकारी दिए ।

सो कार्यक्रममा खडक नगरपालिका नगर प्रमुख जयप्रकाश चौधरी, उपमेयर रिता चौधरी, खडक नगरपालिका प्रमुख प्रशासकीय अधिकृत हरेन्द्र कुमार श्रेष्ठले सबल नेपालले शिक्षा, स्वास्थ क्षेत्रमा पुऱ्याएको सहयोग प्रशंसा गरेका थिए ।

विद्यालयका संस्थापक अध्यक्ष विरेन्द्र चौधरीले दातृ निकाय तथा सवल नेपालाई धन्यवाद दिदैं सधै सहयोग अपेक्षा राख्दै समुदायिक विद्यालयमा लगानी बढाउन, अभिभावकहरुलाई नियमित विद्यालय अनुगमन गर्न विद्यालयलाई आवश्यक सल्लाह सुझाव दिन आग्रह गरे ।

विद्यालयमा ९८ छात्र, १ सय १५ छात्रा गरि जम्मा २ सय १३ जना अध्यनरत रहेका छन् भने १३ जना फरक क्षमता भएका विद्यार्थीहरू छात्रावासमा रही अध्ययन गरि रहेको छ भने जसमा १० छात्र र ३ जना छात्रा रहेका छन ।

# भन्सार छलेर ल्याइएको मोटरसाइकलसहित युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ असोज ।**
भन्सार छलेर ल्याइएको मोटरसाइकल चलाइराखेको अवस्थामा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ ।

केटिएम लेखी एम९३६४८४२५ अनटेष्ट मोटरसाइकल चलाइरहेका सप्तरीको खडक नगरपालिका वडा न. ७ निवासी दिपक कुमार यादवसहित सो मोटरसाइकल आफ्नो नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार भदौं १५ गते शंका लागि अनुसन्धान गर्दा मोटरसाईकलको आवश्यक कागजातहरु समेत फेला नपरेकोले मोटरसाइकल भन्सार छली चोरी निकासी गरी ल्याएको आधारमा नियन्त्रणमा लिएको हो ।

उक्त मोटरसाईकलको सात लाख रकम मुल्याङकन गरी यादव र मोटरसाइकल दुबैलाई आवश्यक कारवाहीको लागी राजबिराज भंसार कार्यालय तिलाठी पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

---

*म्यादी...*

५४ वर्ष उमेर ननाघेका व्यक्तिले दरखास्त दिन पाउनेछन् । छनोट भएकालाई असोज ३० देखि कात्तिक ८ सम्म तालिम गराएर कात्तिक ९ बाट परिचालन गरिनेछ । म्यादीले ४० दिनको तलव/भत्ता, खाजा खर्चलगायत एकमुष्ट ५० हजार १ सय ६० रुपैयाँ पाउनेछन् ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**
पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**
पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**
१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**



**चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौं,**
**मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।**

*दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd
BATAS
CG Money CHAUDHARY GROUP


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*